**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा**
**माननीय न्यायाधीश श्री मेघराज पोखरेल**

# आदेश

०८१-WO-०५००

**मुद्दाः-उत्प्रेषण परमादेश समेत ।**

धनुषा जिल्ला, नगराईन नगरपालिका, वडा नं. २ घर भई हाल ललितपुर जिल्ला, महालक्ष्मी नगरपालिका, वडा नं. १ बस्ने स्व. मकसुदन चौधरीको नाति, डा. नेवल चौधरीको छोरा, त्रिभुवन विश्वविद्यालय कानून संकाय, नेपाल ल क्याम्पसमा स्नातक तह (B.A.LL.B) को पाचौं सेमेस्टरमा अध्ययनरत कानूनको विद्यार्थी विवेक चौधरी(सम्पर्क नं : ९८५१३५८९२१, इमेल : chaudharybivek.ad@gmail.com) ------------------------- १ — **निवेदक**

**विरुद्ध**

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार काठमाडौं ------------------------------------------------------------ १
यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौं ------------------------- १
बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौंडा मकवानपुर --------------------------------------------------------- १
यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र एकान्तकुना, ललितपुर------------------------------------------------------------- १
यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र ठुलो भऱ्याङ काठमाडौं ------------------------------------------------------------ १
यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र चाबहिल काठमाडौं -- १
यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र राधेराधे, भक्तपुर ---- १ — **प्रत्यर्थी**

नेपालको संविधानको धारा १६, २८, ४६ र १३३ (२), (३) बमोजिम पर्न

आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं आदेश यसप्रकार छः

## रिट निवेदनको तथ्यगत बेहोराः-

१. म निवेदक विवेक चौधरी नेपालको हरेक नागरिकको मौलिक हक र अधिकार सुनिश्चित हुनुपर्छ, सम्पूर्ण नागरिकले सम्मानपूर्वक जीवन यापन गर्न पाउनुपर्छ र गोपनीयता सम्बन्धी हकको उल्लङ्घन हुने कार्यमा रोक लगाउनु आवश्यक हुन्छ भन्ने मान्यता राख्दछु। विपक्षी ४,५,६,७ ले प्रकाशन गर्ने परीक्षाफल लिखित र प्रयोगात्मक परीक्षा (Written and Trial Test Report) सूचीमा रोल नं. तथा नाम थरको अतिरिक्त परीक्षार्थीहरुको नागरिकता नम्बर समेत आफूखुश प्रकाशन गर्दै आइरहेका छन्। वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा १९ मा "प्रत्येक व्यक्तिलाई विद्युतीय माध्यममा रहेको निजको कुनै पनि वैयक्तिक सूचना सम्बन्धी कुराको गोपनीयता राख्न पाउने अधिकार हुनेछ" भन्ने कानूनी प्रावधान छ। सोही ऐनको दफा २ (ग) को खण्ड ४ मा निजको राहदानी, नागरिकताको प्रमाण पत्र, राष्ट्रिय परिचयपत्र नम्बर, सवारी चालक अनुमतिपत्र, मतदाता परिचयपत्र वा सार्वजनिक निकायबाट जारी भएका परिचयपत्रको विवरणलाई वैयक्तिक सूचना अन्तर्गत परिभाषित गरिएको छ। यातायात व्यवस्था विभागले जारी गरेको सवारी चालक अनुमति पत्र परीक्षा संचालन कार्यविधि निर्देशिका, २०७७ को ११ नं ले परीक्षाफल सूचीमा उत्तीर्ण परीक्षार्थीको रोल नं. तथा नाम थर खुलाई प्रकाशन गर्नुपर्ने व्यवस्था गरेको छ। विपक्षी ४,५,६,७ भनेको एउटा कानूनी व्यक्ति (Legal Person) हो र कानूनी व्यक्तिले कानूनले तोकेको मात्र कार्य गर्न पाउछ। विपक्षी ४, ५, ६, ७ बाहेक कुनै संघ संस्थाद्वारा परीक्षाको नतिजा प्रकाशन गर्दा नागरिकता नम्बर प्रकाशित गरिदैन। विपक्षी ४,५,६,७ लाई नै परीक्षार्थीको नागरिकता नम्बर सार्वजनिक गर्ने कुनै कानूनले छुट दिएको अवस्था छैन। नागरिकता नम्बर प्रकाशन कानूनी उल्लङ्घन मात्र होइन, यसले साइबर अपराध र ठगीको वास्तविक खतरा ल्याउँछ। विपक्षीहरुको उक्त कार्यले व्यक्तिको संविधानले प्रदान गरेको गोपनीयता सम्बन्धी मौलिक हक तथा वैयक्तिक गोपनीयता ऐन, २०७५ ले प्रदान गरेको कानूनी हक समेतमा असर पर्ने भएकोले, विपक्षी ४,५,६,७ द्वारा प्रकाशित परीक्षाफलले व्यक्तिहरुको गोप्य राख्नुपर्ने नागरिकता नम्बरको गोपनीयता भङ्ग हुने भएकोले विपक्षीहरु ४,५,६,७ ले लगातार परीक्षाफल प्रकाशनमा नागरिकता नम्बर राखी प्रकाशन गर्ने कार्य वा सो संग सम्बन्धित विपक्षीहरुले कुनै गैरकानूनी निर्णय गरेको भए सो निर्णय समेतलाई उत्प्रेषणको आदेशले बदर गरि सवारी चालक अनुमतिपत्रको लिखित

एवं प्रयोगात्मक परीक्षाको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर नराखी प्रकाशन गर्नु गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी गरिपाऊँ भन्नेसमेत बेहोराको निवेदक विवेक चौधरीको निवेदनपत्र।

२. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? निवेदन मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार र कारण भए सो समेत उल्लेख गरी विपक्षी नं. १ र २ को हकमा यो आदेश प्राप्त भएको मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु र विपक्षी नं. ३, ४, ५, ६ र ७ को हकमा मुख्यन्यायाधिवक्ताको कार्यालय बागमती प्रदेशमार्फत लिखित जवाफ पेस गर्नु भनी रिट निवेदनको एकप्रति नक्कल साथै राखी विपक्षीहरुलाई सूचना दिई लिखित जवाफ आएपछि वा अवधि वेतित भएपछि नियम बमोजिम पेश गर्नू ।

यसमा अन्तरिम आदेश माग भएतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा अन्तरिम आदेश माग गरेको विषय रिट निवेदनको अन्तिम निरुपण हुँदा सम्बोधन हुने प्रकृतिको देखिंदा हाल अन्तरिम आदेश जारी गर्न मिलेन। प्रस्तुत निवेदनलाई सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्ने बेहोराको यस अदालतबाट मिति २०८१।०७।२६ मा भएको आदेश।

३. यस कार्यालयले सम्पूर्ण कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५, विभिन्न कार्यविधि तथा निर्देशिका बमोजिम गर्दै आएको छ। सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ विपरित परीक्षार्थीको नागरिकता नम्बर प्रकाशन गरेको भन्ने निवेदकको दाबी गलत छ। उक्त निर्देशिकामा मात्रै नभई यातायातसँग सम्बन्धित अन्य कानून तथा नीतिहरुमा समेत सवारी चालक अनुमतिपत्रको परीक्षाको नतिजा प्रकाशन गर्दा नागरिकता नम्बर प्रकाशन नगर्नु भनेर कहीं कतै उल्लेख गरेको देखिंदैन। सबै नागरिकको नागरिकता नम्बर फरक-फरक हुने हुँदा एउटै नाम थरको परीक्षार्थी भए पनि नतिजा प्रकाशनमा निश्पक्षता कायम गर्छ। यसले नक्कली परीक्षार्थी नियन्त्रण गर्न पनि मद्दत गर्दछ। निवेदकले उल्लेख गरे बमोजिम वैयक्तिक गोपनीयता सम्वन्धी ऐन, २०७५ को दफ २५(१) मा सङ्कलित सूचनाको संरक्षण गर्ने कार्यमा कार्यालय प्रतिबद्ध छ। ऐ. ऐनको दफा २५(३) बमोजिम प्रचलित कानूनमा कुनै वैयक्तिक सूचना खुलासा गर्न वा गराउन सक्नेछ भन्ने उल्लेख भए

अनुसार परीक्षाको पारदर्शिता एवं सम्बन्धित परीक्षार्थीको पहिचानको सुनिश्चिताको लागि सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को आधारमा नागरिकता जस्तो विशिष्ट पहिचान नम्बर प्रयोग गरिएको हो। यातायात व्यवस्था विभाग, मिनभवन, काठमाण्डौंको सर्वाधिकार रहेको Nepal Electronic Driving License and Vehicle Registration System (NEDLVRS) बाट यस कार्यालयले सम्पूर्ण कार्य गर्दै आइरहेको छ। सवारी चालक अनुमतिपत्र परीक्षामा संलग्न परीक्षार्थीको नतिजा प्रकाशनको सुचीको ढाँचा NEDLVRS अनुसार गरिएको हो। NEDLVRS को ढाँचालाई कार्यालयले चाहेर मात्रै केही गर्न सकिदैन। विपक्षीले दायर गरेको रिट निवेदन खारेज भागी भएकोले खारेज गरी पाउँ भनी करिब-करिब एकै मिलानको विपक्षीहरु यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र एकान्तकुना ललितपुर-१, यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र ठूलो भर्‍याङ काठमाडौं-१, यातायात व्यवस्था कार्यालय, चावहिल, काठमाण्डौं-१, तथा यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र राधेराधे भक्तपुरको फरक-फरक लिखितजवाफ।

४. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ र सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम सवारी चालक अनुमती पत्रको लागि दरखास्त दिंदा नागरिकताको प्रतिलिपि संलग्न गर्नुपर्ने कानूनी व्यवस्था भएकोले चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ मा सोही प्रावधान उल्लेख नगरिए तापनि उत्तीर्ण हुने परीक्षार्थीको नतिजा प्रकाशन गर्दा नागरिकता नम्बर प्रकाशन गर्नुलाई अन्यथा भयो भन्न मिल्ने होईन। परीक्षाफल प्रकाशन गर्ने विषयमा नागरिकता नम्बर उल्लेख गर्दा व्यक्तिको गोपनीयताको हक हनन् हुने नभई परीक्षाको निष्पक्षता र पारदर्शीता कायम हुने हो। अर्कोतर्फ, सवारी चालक अनुमतिपत्रका लागि लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने र परीक्षाफल प्रकाशन गर्ने सम्पूर्ण कार्य प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयबाट हुँदै आईरहेको छ र उपरोक्त सम्बन्धमा यस मन्त्रालयको कुनै संलग्नता नै नहुने हुदाँ रिट निवेदकले विपक्षी नै बनाउनु नपर्ने विषयमा विना कारण, प्रमाण र आधार यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज भागी छ खारेज गरी पाउँ भन्ने बेहोराको नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखितजवाफ।

५. प्रस्तुत सन्दर्भमा हाल सवारी चालक अनुमतिपत्रका लागि लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्ने र परीक्षाफल प्रकाशन गर्ने सम्पूर्ण कार्य प्रदेश

मातहतका यातायात व्यवस्था कार्यालयबाट हुँदै आएको छ। ती कार्यालयहरुले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५, यातायात व्यवस्था कार्यविधि निर्देशिका, २०६० र विद्युतीय सवारी चालक अनुमतिपत्रको सेवा प्रवाह गर्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०८० बमोजिम सवारी चालक अनुमति पत्र जारी गर्दै आएका छन्। यातायातसँग सम्बन्धित कानून तथा नीतिहरुमा समेत सवारी चालक अनुमतिपत्रको परीक्षाको नतिजा प्रकाशन गर्दा नागरिकता नम्बर प्रकाशन नगर्नु भनेर कहीं कतै उल्लेख गरेको देखिदैन। निवेदकले उल्लेख गरे बमोजिम वैयक्तिक गोपनीयता सम्वन्धी ऐन, २०७५ को दफा २५ मा सङ्कलित सूचनाको संरक्षण गर्ने कार्यमा विभाग प्रतिवद्ध छ। ऐ. ऐन को दफा २५(३) बमोजिम सार्वजनिक निकायले प्रचलित कानूनबमोजिम कुनै वैयक्तिक सूचना खुलासा गर्न वा गराउन सक्नेछ भन्ने व्यवस्था भएको हुँदा परीक्षाको पारदर्शिता एवं पहिचान सुनिश्चितताको लागि सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ को आधारमा सवारी चालक अनुमतिपत्रको परीक्षा नतिजा प्रकाशनमा स्वच्छता, पारदर्शीता निश्पक्षता कायम गर्न नागरिता नम्बर जस्तो विशिष्ट पहिचान नम्बर प्रयोग गरिएको हो। यसमा निवेदकले दावी गरे बमोजिम परीक्षाफल प्रकाशन गर्ने विषयमा व्यक्तिको गोपनीयता कायम राख्ने गरी आवश्यक व्यवस्था हुँदै जानेनै छ। हाल निवेदकको मागदावी बमोजिम परीक्षाफल प्रकाशन गर्ने अधिकार तथा जिम्मेवारी प्रदेश मातहतका यातायात कार्यालयहरुको भएकोले विभागको हकमा प्रस्तुत रिट निवेदन बदरभागी छ भन्नेसमेत बेहोराको यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौंको लिखितजवाफ ।

**यस अदालतको आदेशः-**

६. नियम बमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनको सुनुवाईको क्रममा निवेदक विवेक चौधरी तथा निवेदकका तर्फबाट विद्वान अधिवक्ताहरु श्री नारायणप्रसाद श्रेष्ठ, श्री थीरबहादुर कार्की, श्री रामप्रवेश यादव तथा श्री सुजितकुमार भुजेलले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४, प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ तथा सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ समेतमा सवारी चालक अनुमतिपत्रको लागि दरखास्त दिंदा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथै पेस गर्ने भन्ने मात्र व्यवस्था भएको र

कानूनमा कतैपनि सवारी चालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर खुलाउनुपर्ने भनी उल्लेख नभएकोमा विपक्षी कार्यालयहरुले सवारी चालक अनुमतिपत्रको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बरसमेत उल्लेख गर्ने गरेको र सो नतिजा कार्यालयको आधिकारिक फेसबुक पेजमा समेत प्रकाशन गर्ने गरेको पाइन्छ। विपक्षी निकायहरु कानूनी व्यक्ति रहेको हुँदा कानूनी व्यक्तिलाई कानूनमा लेखिएबमोजिमको मात्र कार्य गर्ने अधिकार हुन्छ। यसरी सवारी चालक अनुमतिपत्रको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर समेत उल्लेख गर्दा संविधानद्वारा प्रद्त्त नैसर्गिक हक तथा विभिन्न अन्तर्राष्ट्रिय कानूनका सिद्धान्तले सुनिश्चित गरेको वैयक्तिक स्वतन्त्रताको हक हनन् हुने हुँदा सवारी चालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर राख्नेगरी कुनै गैरकानूनी निर्णय गरेको भए सोलाई बदर गरी सवारी चालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर नराखी परीक्षाफल प्रकाशन गर्नु गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेश जारी गरिपाउँ भनी गर्नुभएको बहससमेत सुनियो।

७. यसैगरि, प्रत्यर्थी नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तथा यातायात व्यवस्था विभाग, मीनभवन काठमाडौंका तर्फबाट उपस्थित विद्वान सह-न्यायाधिवक्ता श्री ईश्वरीप्रसाद ढकाल तथा मुख्य-न्यायाधिवक्ताको कार्यालय, हेटौंडाबाट उपस्थित उप-न्यायाधिवक्ता श्री यादव पौडेलले सवारीचालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बरसमेत प्रकाशन हुने कार्यले निवेदकहरुको कुनै ठूलै अधिकार हनन् भएको अवस्था छैन। यसरी नागरिकता नम्बर प्रकाशन गर्दा परीक्षार्थीहरुलाई प्रत्यक्ष रुपमा क्षति पुगेको कुनै प्रमाण निवेदकको तर्फबाट पेस हुन सकेकोपनि देखिंदैन। परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बरसहित प्रकाशन गरेमा उही नाम गरेका एकभन्दा बढी परीक्षार्थी भएमा नतिजा स्पष्ट छुट्याउन सकिने भई सहज हुन जाने हुँदा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन भनी गर्नुभएको बहस सुनियो।

८. उल्लिखित तथ्य तथा बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

९. निर्णयतर्फ विचार गर्दा, विपक्षीहरु यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र (ठूलो भऱ्याङ, चाबहिल, एकान्तकुना र राधेराधे) (विपक्षी ४,५,६ र ७) ले सवारीचालक अनुमतिपत्रको लिखित र प्रयोगात्मक परीक्षाको (Written and

Trial Test Report) परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको रोल नं. तथा नाम थरको अतिरिक्त नागरिकता नम्बर सहित नतिजा प्रकाशन गर्ने गरेको र सो कार्यले नेपालको संविधान, २०७२ ले प्रदान गरेको गोपनीयता सम्बन्धी मौलिक हक तथा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ ले प्रदान गरेको कानूनी हक समेतमा असर पर्ने भएकोले परीक्षाफल प्रकाशनमा नागरिकता नम्बर राखी प्रकाशन गर्ने कार्य वा सो संग सम्बन्धित विपक्षीहरुले कुनै गैरकानूनी निर्णय गरेको भए सो निर्णय समेतलाई उत्प्रेषणको आदेशले बदर गरी प्रकाशित हुने परीक्षाफलमा नागरिकता नम्बर नराखी परीक्षाफलको प्रकाशन गर्नु गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने निवेदन दावी रहेको देखिन आयो।

१०. प्रस्तुत रिट निवेदनमा विपक्षीहरु ४, ५, ६ र ७ ले आफ्ना काम-कारवाही सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४, बाग्मती प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ एवं सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७ बमोजिम गर्दै आएको र उक्त कानूनहरुमा सवारी चालक अनुमतिपत्रको परीक्षाको नतिजा प्रकाशन गर्दा नागरिकता नम्बर प्रकाशन नगर्नु भनेर कहिं-कतै उल्लेख नभएको हुनाले परीक्षाफल प्रकाशित गर्दा नागरिकता नम्बरसमेत प्रकाशन गर्ने गरेको भनी लिखित जवाफमा उल्लेख गरेको देखियो भने विपक्षी नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायत मन्त्रालयको लिखित जवाफमा सवारी चालक अनुमतिपत्रको परीक्षाको नतिजा प्रकाशनमा स्वच्छता, पारदर्शीता र निष्पक्षता कायम गर्न नागरिकता नम्बर जस्तो विशिष्ट पहिचान नम्बर प्रयोग गरिएको हुनाले परीक्षाफल प्रकाशन गर्ने विषयमा नागरिकता नम्बर उल्लेख गर्दा व्यक्तिको गोपनीयताको हक हनन् नहुने भनी प्रतिवाद गरेको देखियो।

११. माथि उल्लिखित विपक्षीहरुको लिखित जवाफहरुको बेहोरामा उल्लेख भएका यातायात सम्बन्धीत कानूनी व्यवस्थाहरुको अध्ययन गरि हेर्दा, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ४८(२) मा **"...दरखास्त साथ दरखास्तवालाले अनुमतिपत्रकोलागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि...समेत संलग्न गर्नुपर्छ।"** भनी उल्लेख गरी सवारी चालक अनुमतिपत्रकालगि दरखास्त आवेदन दिंदा अन्य कागजातसंग नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न गरि पेस गर्नुपर्ने व्यवस्था रहेको देखियो भने सोही ऐनको दफा ५०(१)मा **"दफा ४९ बमोजिम परीक्षा लिई सफल भएका**

**दरखास्तवालालाई...अनुसूची-५ बमोजिमको ढाँचामा चालक अनुमतिपत्र दिनुपर्छ।"** भनी व्यवस्था गरेको देखियो। उक्त ऐनको अनुसूची-५ बमोजिम ढाँचामा जारी हुने सवारी चालक अनुमतिपत्रमा अनुमतिपत्रवालाको नागरिकता नम्बरपनि उल्लेख गरि विवरण प्रकाशन हुने देखियो।

१२. त्यसैगरि बाग्मती प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को दफा ५२(२) मा **"...निवेदनकासाथ निवेदकले चालक अनुमतिपत्रकोलागि तोकिएको दस्तुर, नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,...समेत संलग्न गर्नुपर्नेछ।"** भनी आवेदन दिने व्यक्तिले अन्य कागजातका साथमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपिसमेत संलग्न गरि पेस गर्नुपर्ने व्यवस्था रही सोही ऐनको दफा ५४(१)ले **परीक्षामा सफल भएका परीक्षार्थीलाई अनुसूची-५को ढाँचा अनुसार चालक अनुमतिपत्र दिनुपर्ने** भनी व्यवस्था गरेको देखिन्छ। बाग्मती प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५को अनुसूची-५ बमोजिम जारी हुने सवारी चालक अनुमतिपत्रको ढाँचामापनि अनुमतिपत्रवालाको नागरिकता नम्बरसमेत उल्लेख गरि विवरण प्रकाशन हुने गरी व्यवस्था भएको देखिन्छ।

१३. यसका साथै, सवारी चालक अनुमतिपत्र परीक्षा सञ्चालन कार्यविधि निर्देशिका, २०७७को ११नं.मा **"प्रयोगात्मक परीक्षा सम्पन्न भई परीक्षा दिई उत्तीर्ण भएका परीक्षार्थीहरुको रोल नम्बर तथा नाम थर खुलाई...कार्यालयको सूचना पाटीमा टाँस्नु पर्नेछ। संभव भएसम्म सो सूचीको एक प्रति कार्यालयको वेभ साइटमा समेत...प्रकाशन गर्नुपर्नेछ।"** भनी व्यवस्था गरेको देखिन्छ।

१४. सवारी चालक अनुमतिपत्रको परीक्षा तथा परीक्षाफलको प्रकृया नियमन गर्ने उपरोक्त कानूनी तथा निर्देशिकामा रहेका व्यवस्थाहरुको अध्ययनबाट नेपालमा प्रचलित यातायात सम्बन्धी कानून तथा निर्देशिकाहरुमा सवारी चालक अनुमतिपत्रको परीक्षामा सामेल हुन नागरिकताको प्रतिलिपि पेस गर्नुपर्ने सम्मको मात्र व्यवस्था रहेको र परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर खुलाउनै पर्ने वा पाउने भन्ने व्यवस्था कतैपनि गरिएको देखिदैन।

१५. सवारी चालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर उल्लेख नगर्नु भन्ने व्यवस्था प्रचलित कानूनमा नरहेकोले परीक्षाफल प्रकाशित गर्दा परीक्षार्थीको नाम, रोल नम्बरका साथ नागरिकता नम्बर समेत प्रकाशन गर्नाले कुनै कानूनको उल्लङ्घन नहुने भनी विपक्षीहरुले लिखित जवाफमा जिकिर लिएतापनि यी यातायात कार्यालयहरु कानूनी व्यक्ति भएको र कानूनी व्यक्तिलाई कानूनद्वारा तोकिए बमोजिमका काम-कारवाही मात्र गर्ने अधिकार प्राप्त

रहेको हुन्छ। मुलुकी देवानी संहिता, २०७४को दफा ४२(६) (छ) मा कानूनी व्यक्तिले कानूनको अधिनमा रही “कानून बमोजिम” को कार्य गर्न मिल्ने भनी कानून बमोजिम वा कानूनमा उल्लिखित काम-कारवाही गर्ने अधिकार सम्म मात्र कानूनी व्यक्तिलाई प्रदान गरेको देखिन्छ। यसै विषयमा बेलायतको House of Lordsले *Hazell v Hammersmith and Fulham London Borough Council* [1992] 2 AC 1 (HL)मा **"Legal persons can only do what the law expressly permits; they lack the capacity to act beyond the powers conferred upon them by statute or their constitutive instruments. In other words, what is not explicitly authorized is prohibited."** भन्ने सिद्धान्त प्रतिपादन गरेको देखिन्छ। प्रस्तुत रिट निवेदनमा विपक्षी कार्यालयहरुले कानूनद्वारा प्रदान गरिएको अधिकारको दायरा भन्दा बाहिर गई सवारी चालक अनुमतिपत्रको परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको नाम र रोल नम्बरको अतिरिक्त नागरिकता नम्बरसमेत प्रकाशन गर्ने गरेको देखिन आयो।

१६. नागरिकताको प्रमाणपत्र भनेको व्यक्तिको पहिचान जनाउने प्राथमिक दस्तावेज हो। प्रत्येक नागरिकलाई नागरिकताको सुनिश्चितता नेपालको संविधान, २०७२ को धारा १० ले गरेको छ। राजनीतिक एवं आर्थिक अधिकार उपभोग गर्न र नागरिक भनी चिनाउन नागरिकताको प्रमाणपत्र अत्यावश्यक हुन्छ। नागरिकताको प्रमाणपत्रमा नागरिकको नाम, थर, जन्ममिति, ठेगाना, बाबु/बाजेको नामथर समेत गरि व्यक्तिको नितान्त व्यक्तिगत सूचना समावेश हुने हुन्छ। प्रत्येक व्यक्तिको नागरिकता नम्बर फरक-फरक हुने हुनाले व्यक्तिगत पहिचानसंग जोडिएको यो दस्तावेजलाई अत्यन्त संवेदनशील मानिन्छ।

१७. व्यक्तिको पासपोर्ट, राष्ट्रिय परिचय-पत्र वा मतदाता परिचय-पत्र बनाउँदा होस् वा बैङ्क तथा वित्तीय संस्थामा खाता खोल्नका लागि होस्, विभिन्न महत्त्वपूर्ण सेवा सुविधाकालागि नागरिकताको प्रमाणपत्र अनिवार्य रुपमा पेस गर्नुपर्ने हुन्छ। राष्ट्रले जारी गर्ने पासपोर्ट, मतदाता परिचय-पत्र, सवारीचालक अनुमतिपत्र लगायतका परिचयपत्रहरुमै नागरिकता नम्बर उल्लेख गर्ने गरेको पाइन्छ। कुनै व्यक्तिको नागरिकता नम्बर पत्ता लगाएको खण्डमा अहिलेको सूचना प्रविधिमैत्री युगमा ह्याकरहरु तथा वैयक्तिक सूचनाको दुरुपयोग गर्ने मनसाय भएका व्यक्तिहरुलाई सो व्यक्तिको अन्य वैयक्तिक सूचना प्राप्त गरि दुरुपयोग गर्न त्यति कष्टकरपनि हुँदैन।

१८. प्रस्तुत रिट निवेदनमा विपक्षी कार्यालयहरुले परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको नागरिकता नम्बरसमेत प्रकाशन गर्ने गरेको र सो परीक्षाफल विपक्षी

कार्यालयहरु (विपक्षी ४, ५, ६ र ७)ले आधिकारिक रुपमा प्रयोग गर्ने फेसबुक प्रोफाइलमासमेत प्रकाशन गर्ने गरेको भनी बहसको क्रममा उल्लेख गरेको हुँदा विपक्षी कार्यालयहरुको फेसबुक प्रोफाइल[1] खोली हेर्दा परीक्षार्थीको नागरिकता नम्बर सहितको परीक्षाफल त्यहाँ समेत प्रकाशन गर्ने गरेको देखियो।

१९. अब, प्रत्यर्थी कार्यालयहरुले परीक्षाफल प्रकाशन गर्दा व्यक्तिको अत्यन्त संवेदनशील सूचना मानिने नागरिकता नम्बर समेत उल्लेख गरि प्रकाशन गर्ने गरेको कार्यले परीक्षार्थीहरुको वैयक्तिक गोपनीयताको हक हनन् भए/नभए तर्फ विचार गर्दा, नागरिकको गोपनीयताको हकको विषयमा नेपालमा प्रचलित कानूनी व्यवस्थाहरु अन्तर्गत सर्वप्रथमतः नेपालको संविधान, २०७२ को धारा २८ ले **"कुनैपनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखित, तथ्याङ्क, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ।"** भनी प्रत्येक नागरिकको गोपनीयताको हकलाई सुरक्षित गरेको पाइन्छ। संविधानको सोही भावनालाई आत्मसात गर्दै गोपनीयताको हकलाई सुनिश्चित् गर्न तथा सार्वजनिक निकाय वा संस्थामा रहेका वैयक्तिक सूचनाको संरक्षण र सुरक्षित उपयोगको व्यवस्था गर्नकालागि बनेको वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ को दफा २(ग) ले वैयक्तिक सूचनाको परिभाषा अन्तर्गत **"नागरिकताको प्रमाणपत्र"** लाई पनि समावेश गरेको छ। उक्त ऐनको दफा ११ (१) ले **प्रत्येक व्यक्तिलाई निजसंग सम्बन्धीत वैयक्तिक लिखतको गोपनीयताको अधिकार हुनेछ** भनी व्यवस्था गरेको छ भने सोही दफाको उपदफा (२)(ग)ले **नागरिकताको लिखतलाई व्यक्तिको वैयक्तिक लिखत** भनी मान्यता समेत दिएको छ। यसका अतिरिक्त सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा २८ (१)मा **“सार्वजनिक निकायले आफू समक्ष रहेका व्यक्तिगत प्रकृतिका सूचनाहरु अनाधिकृत प्रकाशन र प्रसारण नहुने गरी संरक्षण गरि राख्नुपर्ने छ।”** भन्ने व्यवस्था गरेको छ। मुलुकी अपराध संहिता, २०७४को भाग ३ ले वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसूर अन्तर्गत दफा २९८ (१) मा **विद्युतीय माध्यममा रहेको वा प्रवाह हुने सूचनाको गोपनीयता भङ्ग गर्न नहुने** व्यवस्था गरेको छ।

२०. अन्तर्राष्ट्रिय कानूनको परिधिमा हेर्दा, गोपनीयता सम्बन्धी अधिकारलाई, सर्वप्रथम, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १२ ले पहिचान गरेको पाइन्छ। नेपाल पक्ष रहेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी

[1] विपक्षी नं. ४, ५ र ६ को आधिकारिक फेसबुक प्रोफाइलहरु क्रमशः Ekantakuna Yatayat, यातायात ठूलोभर्याङ्ग। Thulobharyang Yatayat License र यातायात चाबहिल रहेको।

अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा १७ ले गोपनीयताको हक सुनिश्चित गरेको छ। उक्त धारा १७ लाई विस्तृत रुपमा व्याख्या गर्दै संयुक्त राष्ट्र संघको मानव अधिकार समितिद्वारा जारी गरिएको (सामान्य टिप्पणी) General Comment No. 16[2] ले विद्युतीय माध्यममा रहने वैयक्तिक विवरणको संरक्षणकालागि स्पष्ट कानून तथा नीति बनाउनुपर्ने भनी व्याख्या गरेको पाइन्छ।

२१. यसै विषयमा, नेपालको सन्दर्भमा प्रासंगिक रहने युरोपियन युनियन तथा Organization for Economic Co-operation and Development (OECD)द्वारा निर्मित कानूनहरुलेपनि वैयक्तिक गोपनीयताको हकको संरक्षण सम्बन्धमा उल्लेख गरेको पाइन्छ। युरोपियन युनियनले Charter of Fundamental Rights of the European Union को Article 8 (1) (Protection of Personal Data) तथा Treaty on the Functioning of European Union को Article 16 (1) बमोजिम व्यक्तिको वैयक्तिक सूचनाको नियमनकालागि General Data Protection Regulation, 2018 जारी गरेको छ। GDPR ले गोपनीयताको हकको सम्मान गर्दै वैयक्तिक सूचनाको संरक्षण सुरक्षित एवं पारदर्शी प्रकृया अपनाएर गर्ने जिम्मेवारी सूचना संकलन गर्ने निकायहरुलाई तोकेको देखिन्छ। युरोपियन युनियनका सदस्य राष्ट्रहरुले यस कानूनको अवलम्वन गरि राष्ट्रिय कानूनको निर्माण गरेकोसमेत देखिन्छ, जस्तैः UK Data Protection Act, 2018 (Brexit अघि) तथा UK-GDPR (Brexit पछि), Personal Data Protection Code (Italy), Organic Law 3/2018 on the Protection of Personal Data and Guarantee of Digital Rights (Spain)। त्यसैगरि, OECD Guidelines on the Protection of Privacy and Transborder Flows of Personal Data मा पनि वैयक्तिक सूचनालाई आवश्यकता अनुसार जुन प्रयोजनकालगि व्यक्तिको अनुमति लिएर संकलन गरिएको हो सो कार्यकालगि मात्र प्रयोग गर्नुपर्ने प्रावधान रहेको पाइन्छ।[3]

२२. नागरिकको वैयक्तिक सूचनाको गोपनीयताको हककै विषयमा छिमेकी मुलुक भारतको कानूनमा रहेका व्यवस्था हेर्दा, भारतको संविधानले गोपनीयताको हकलाई छुट्टै मौलिक हकको रुपमा पहिचान गरेको नदेखिएतापनि संविधानको धारा २१ले

[2] Thirty-second session (1988), General comment No. 16: Article 17 (Right to privacy), Available at: https://tbinternet.ohchr.org/_layouts/15/treatybodyexternal/Download.aspx?symbolno=INT%2FCCPR%2FGEC%2F6624&Lang=en, Accessed on February 3, 2026

[3] Principle 9: Use Limitation Principle, OECD Guidelines on the Protection of Privacy and Transborder Flows of Personal Data, Available at: https://www.oecd.org/content/dam/oecd/en/publications/reports/2002/02/oecd-guidelines-on-the-protection-of-privacy-and-transborder-flows-of-personal-data_g1gh255f/9789264196391-en.pdf, Accessed on: Feb 3, 2026.

**जीवन बाच्न पाउने अधिकार र व्यक्तिगत स्वतन्त्रताको अधिकारको** सुनिश्चितता गरेको देखिन्छ। भारतको सर्वोच्च अदालतले Justice KS Puttaswamy and ANR. V Union of India and Ors. भएको रिट निवेदनमा "…Privacy is a constitutionally protected right which emerges primarily from the guarantee of life and personal liberty in Article 21 of the Constitution. Elements of privacy also arise in varying contexts from the other facets of freedom and dignity recognised and guaranteed by the fundamental rights contained in Part III…"[4] भनी गोपनीयताको हकलाई संविधानले सुरक्षित गरेको र यसको उत्पत्ति बाच्न पाउने अधिकार र व्यक्तिगत स्वतन्त्रताको सुनिश्चिततासंगै हुने भनी नजिर प्रतिपादन गरेको देखिन्छ। सूचनाको गोपनीयतालाईपनि गोपनीयताको एक महत्वपूर्ण पाटोको संज्ञा दिदैं उक्त रिट निवेदनमा भारतको सर्वोच्च अदालतले भारत सरकारलाई नागरिकको वैयक्तिक सूचनाको संरक्षणकोलागि, नागरिकको व्यक्तिगत हित र राष्ट्रको वैधानिक सरोकारका बीचमा सन्तुलन रहनेगरि, कानूनी प्रबन्ध गर्नु भनी निर्देशन समेत दिएको देखिन्छ।[5]

२३. नागरिकको वैयक्तिक गोपनीयताको संरक्षण सम्बन्धी भारतमा अन्य प्रचलित कानूनहरुको विषयमा चर्चा गर्नुपर्दा, भारतको सूचना प्रविधि ऐन, २००० र सूचना प्रविधि नियमावली, २०११ले वैयक्तिक सूचनाको गोपनीयता तथा संरक्षणको विषयवस्तुलाई समेटेको छ। सन् २०२३मा जारी भएको डिजिटल व्यक्तिगत डाटा संरक्षण ऐन (Digital Personal Data Protection Act, 2023)ले वैयक्तिक विवरण व्यक्तिको अनुमति प्राप्त भएपछिमात्र लिन मिल्ने र विवरण संकलन गर्ने संस्थाले त्यस्ता विवरणको संरक्षणसमेत गर्नुपर्ने भनी व्यवस्था गरेको भएतापनि उक्त ऐन पूर्णतया लागू भइसकेको अवस्था भने छैन।

२४. वैयक्तिक सूचनाको गोपनीयता तथा संरक्षणको विषयमा नेपालको सर्वोच्च अदालतले महत्त्वपूर्ण नजिरहरु प्रतिपादन गरेको देखिन्छ। अधिवक्ता बाबुराम अर्याल वि. नेपाल सरकार[6] भएको रिट निवेदनमा **"...सूचनाहरू संग्रहित रहेको र त्यसको जिम्मा लिएका संस्था वा विभागले त्यसलाई आफ्नो तजबिजको विषय बनाउन सक्तैन। बरू त्यस्तो सूचना रहेको data bank लाई हरहालतमा संरक्षण गर्नु र कानूनको व्यवस्थाको अभावमा अपवादात्मकरूपमा पनि स्पष्ट कानूनी आधारबेगर अनधिकृत पहुँच दिन इन्कार गर्न सक्नु पर्दछ।..."** भनी नागरिक

[4] *Justice KS Puttaswamy and ANR. V Union of India and Ors., (2017)* 10 S.C.R. 569, p: 262
[5] Id at 264, 265.
[6] ने.का.प. २०७४, अंक १, नि.नं. ९७४०

वैयक्तिक सूचना संकलन गर्ने निकायहरुले त्यस प्रकृतीका सूचनाको संरक्षण गर्नैपर्ने भनी व्याख्या गरेको देखियो। त्यस्तै, अधिवक्ता भक्तिराम घिमिरे वि. नेपाल सरकार[7] भएको सवारीचालक अनुमतिपत्रको Smart Card बनाउने ठेक्का विदेशी कम्पनीलाई दिएको विषय उपर परेको रिट निवेदनमा सर्वोच्च अदालतले **"...नागरिकको वैयक्तिक विवरणहरू सर्वथा गोप्य रहनुपर्ने..."** भनी सिद्धान्त प्रतिपादन गरेको देखिन्छ।

२५. यसरी विभिन्न अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनी दस्तावेजहरु, कानूनका मान्य सिद्धान्तहरु एवं अदालती अभ्यासहरुको पृष्ठभूमिमा हेर्दा, व्यक्तिको वैयक्तिक सूचनाको संरक्षण Absolute Right नभएतापनि सामान्य अवस्थामा अपरिहार्य हुन्छ। प्रशासनिक निकायले कानून एवं निर्देशिकाद्वारा प्रदत्त अधिकारको दायराभित्र सिमित रही आफ्नो काम-कारवाही गर्नुपर्ने भन्ने प्रशासकीय कानूनको विधिशास्त्रीय मान्यता रहेको छ। प्रस्तुत रिट निवेदनमा प्रत्यर्थी बनाइएका निकायहरुलाई कानून बमोजिम सवारीचालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्ने अख्तियारी रहेतापनि सो परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको नागरिकता नम्बर समेत प्रकाशन गर्ने अधिकार भने कुनै कानूनले प्रदान गरेको देखिंदैन। यसरी परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको नागरिकता नम्बर समेत उल्लेख गरी प्रकाशन गर्दा नागरिकको गोपनियताको हकको संरक्षण माथि प्रश्न उठ्न जाने हुन्छ।

२६. प्रस्तुत रिट निवेदनमा विपक्षी बनाइएका यातायात व्यवस्था कार्यालय, सवारीचालक अनुमतिपत्र ठूलो भऱ्याङ, चाबहिल, एकान्तकुना र राधेराधेले कानूनद्वारा रोक लगाइएको छैन भन्ने आधारबाटमात्र सवारी चालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको नाम र रोल नम्बरका अतिरिक्त परीक्षार्थीको नागरिकता नम्बरसमेत प्रकाशन गर्ने गरेको देखिन आयो। यसरी नागरिकता नम्बर खुलाईएको परीक्षाको नतिजा कार्यालयको सूचना पाटी तथा सामाजिक सञ्जालमा समेत प्रकाशन गर्ने गरेको विपक्षीहरुको कार्यले सवारीचालक अनुमतिपत्रका लागि परीक्षा दिने परीक्षार्थीहरुको गोपनीयताको हक उल्लङ्घन गरेकै देखिन आयो।

२७. अतः माथि उल्लिखित आधार कारण समेतबाट विपक्षी कार्यालयहरुले सवारीचालक अनुमतिपत्रको लिखित एवं प्रयोगात्मक परीक्षाको परीक्षाफल प्रकाशित गर्दा परीक्षार्थीहरुको नाम र रोल नम्बरका साथमा नागरिकता

---

[7] ने.का.प. २०७९, अंक १२, नि.नं. ११००३

नम्बरसमेत प्रकाशन गर्दै आएको र परीक्षार्थीको परीक्षाफलसंगै नागरिकता नम्बरसमेत प्रकाशन गर्नाले परीक्षार्थीहरुको वैयक्तिक गोपनीयताको हक हनन् हुन पुगेको देखिंदा अब उपरान्त सवारी चालक अनुमतिपत्रको लिखित तथा प्रयोगात्मक परीक्षाको परीक्षाफल प्रकाशन गर्दा परीक्षार्थीको नागरिकता नम्बर उल्लेख नगरी परिक्षाफल प्रकाशन गर्नू भनी विपक्षीहरुको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।

२८. निवेदकले रिट निवेदनमा सवारी चालक अनुमतिपत्रको परीक्षाको परीक्षाफल प्रकाशन गर्दा नागरिकता नम्बर राख्नेगरि कुनै गैरकानूनी निर्णय गरेको भए सोलाई उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्ने समेत मागदावी लिएकोमा के-कुन निर्णय बदर गर्ने हो भनी खुलाउन सकेको नदेखिंदा उत्प्रेषणको आदेश जारी गरिपाउँ भन्ने निवेदन मागदावीतर्फ केही बोलिरहन परेन।

२९. प्रस्तुत आदेशको प्रतिलिपि साथै राखी महान्यायाधिवक्ताको कार्यालय मार्फत् सबै विपक्षीहरुलाई आदेशको जानकारी दिइ आदेशको विद्युतिय प्रति यस अदालतको विद्युतिय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

**मनोजकुमार शर्मा**
न्यायाधीश

उक्त आदेशमा सहमत छु।

**मेघराज पोखरेल**
न्यायाधीश

इजलास अधिकृत:- इशा सुवेदी
कम्प्यूटर अपरेटर :- प्रेमबहादुर थापा
इति संवत् २०८२ साल माघ १८ गते रोज १ शुभम् ------------------------।

***द्रष्टव्यः*** *प्रस्तुत आदेशको पूर्ण पाठ तयार नहुँदै मिति २०८२।०५।२४ गते यस अदालतमा भएको आगजनी, तोडफोड र लुटपाटका कारण सक्कल मिसिल फेला नपरेको हुँदा इजलासबाट मिसिल अध्ययन भई मुद्दा व्यवस्थापन प्रणालीमार्फत निकालिएको मुद्दाको स्थिति समेतको आधारमा यो फैसला तयार गरिएको छ।*